आज मिति २०८२ साल पुस महिना २० गते आइतबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको सातौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको' अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अ्ध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री | सदस्य | का. वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

आर्थिक वर्ष २०८२/०८३ को सातौं नगर कार्यपालिका बैठकका प्रस्ताव र निर्णयहरुः
मितिः २०८२/०९/२०

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,
२. नगर सभा सम्बन्धमा,
३. भिमाद नगरपालिकाको सडक गुरुयोजना अद्यावधिक गर्ने सम्बन्धमा,
४. सामाजिक विकास शाखा र पशु विकास शाखाको कार्यक्रम संशोधन गर्ने सम्बन्धमा,
५. चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा,
६. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/०८/२२ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को छैठौं बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भिमाद नगरपालिका, तनहुँको एकाइसौं नगरसभाको अधिवेसन मिति २०८२/०९/२९ गते मंगलबारका दिनमा आव्हान गर्ने र सबै वडा कार्यालय तथा विषयगत शाखाहरुले चालु आर्थिक वर्ष २०८२/०८३ मा संचालन गर्न नसकिने योजना तथा कार्यक्रमहरुलाई नयाँ योजना तथा कार्यक्रम बनाउनु पर्ने भएमा र कुनै कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुपर्ने भएमा सो योजना तथा कार्यक्रमको सम्बन्धमा विवरण पेश गर्न लगाउने निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भिमाद नगरपालिकाको समग्र सडक सञ्जालको दिगो विकास, व्यवस्थापन तथा प्राथमिकताका आधारमा सडकको निर्माण कार्यलाई प्रभावकारी बनाउन यस नगरपालिकाको सडक गुरुयोजनालाई अद्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको आ.ब. २०८२।०८३ को नगर विकास योजनाको देहायका कार्यक्रमहरु संशोधन रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम सँग सम्बन्धित शाखा | बजेट रु | रकमान्तर, संशोधन तथा थ गरिएको कार्यक्रमको नाम |
|---|---|---|---|---|
| १. | भूमि सम्बन्धि समस्या समाधान कार्यक्रम सि न ५८ को रु ८००००० बाट | सामाजिक विकास शाखा | २५०००० | बालबालिका सम्बन्धी कार्य सञ्चालन |
| | | | १५०००० | बालमैत्रि स्थानीय शासन घोषणाको सूचकहरु सँग |

| | | | | |
|---|---|---|---|---|
| | | | | सम्बन्धीत सबै वडा बाट तथ्याङ्क संकलन सि न २७ थप गर्ने |
| २. | बालश्रम मुक्तपालिका घोषणा कार्यक्रम सि. नं. ११ | सामाजिक विकास शाखा | १००००० | बालमैत्री स्थानीय शासनको लागि आवश्यक नीति कानून तर्जुमा र बालबालिकाको बस्तुगत पोंफाईल निर्माण सि. न. १० मा थप गर्ने |
| ३. | एक टोल एक पशु सेवा सम्बन्धी सहजकर्ता तालिम सि नं १ | पशु विकास | २००००० | पशु सेवा शाखाको लागि आवश्यक सामाग्री खरिद गर्ने |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाद्धार स्थापना गरिएको भिमाद नगरपालिका वडा नं. ६ मा रहेको चिस्यान केन्द्र सञ्चालन गर्न विधेयक समितिवाट पेश गरिएको भिमाद नगरपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरपालिका क्षेत्रभित्र हुने भवन निर्माण कार्यलाई सुरक्षित, व्यवस्थित र वातावरणमैत्री बनाउन आवश्यक देखिएको हुँदा **भवन निर्माण नियमन कार्यविधि** निर्माण गर्न विधेयक समितिलाई सौद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कुमाल समुदायको मौलिक संस्कृति, परम्परा र पहिचानसँग सम्बन्धित **माघी पर्व** सामाजिक सद्भावका साथ मनाउनका लागि कुमाल समाजबाट आर्थिक सहयोग माग भई आएकोले आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं. ३९ को कार्यक्रम खर्च शिर्षकबाट रकम रु ३०,०००। विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल अनुसारको योजनाको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको निम्न बमोजिमको शीर्षकवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | अठ्ठाईस बाहुन्दी मोटर मार्ग | भिमाद ५ | ९६,०००।- | सि.नं.१०९ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकवाट |
| २ | भिमाद भागर मोटरमार्ग स्तरोन्नती योजना अधुरो (जिरो) | भिमाद ७ | ३,००,०००।- | |
| ३ | पाथर्दी टोल विद्युत विस्तार तथा स्तरोन्नति | भिमाद ९ | ३,००,०००।- | |
| ४ | डिजी लीङ्क प्रा. लि. ले भिमाद ७ मा निमार्ण गर्न लागेको ५ तला घरको तेस्रो पक्षको परीक्षणको लागि परामर्श सेवा | भिमाद ७ | ६२,०००।- | सि. नं. २३ सेवा र परामर्श खर्च शीर्षकबाट |
| ५ | व्याडमिल्टन हलको डिजाइन गर्न परामर्श सेवा | भिमाद ६ | ४५००० | |

**निर्णय नं. ९**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८२/०१/३० गतेको हावा हुरीले शारदा आधारभूत विद्यालयको छाना तथा गाह्रोमा क्षती भएको भनि प्रहरी सर्जिमिन मुचुल्का र विद्यालयको निवेदन सहित वडा नं. ५ कार्यालयको सिफारिस पत्र प्राप्त हुन आएकोले प्राविधिक लागत बमोजिम राहत रकम उपलब्ध गराउने नगर विपद व्यवस्थापन सिमितिले मिति निर्णय गरेको र हाल कार्यसम्पन्न गरी प्राविधिक मूल्यांकन भएको हुँदा मूल्याङ्कन बमोजिमको रु ६८,०६६ आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको सि.न. ६३ विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आदिवासी महिला कानूनी संचेतना समूह ललितपुरको च.नं २२७ मिति २०८२।०८।१९ को पत्रानुसार यस नगरपालिकामा मिति २०८२।०८।१५ देखि २०८४।०६।१६ गते सम्म **Mama Cash, The Netherlands** को सहयोगमा वातावरणिय न्यायको पहुँचका लागि अधिकारधारक जनताको शसत्तिकरण- **Phase IV** कार्यक्रम संचालनको गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं ११
प्रस्ताव नं. ६ माथि छलफल गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँको च. न २४० मिति २०८२।०८।०९ गतेको पत्रानुसार उक्त कार्यालयको बैठकहल निर्माणको लागि बजेटको अभाव भएकोले लागत अनुमन अनुसार देहाय कामको लागत अनुमान अनुसारको देहाय बमोजिम बजेट माग भइ आएकोले सोको लागि यस नगरपालिकाको वार्षिक नगर विकास योजना २०८२ को देहाएको शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | योजनाको नाम | ठेगाना | प्रविधिक लागत अनुमान भएको/नभएको | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | Meeting Hall False Ceiling & PA(Public Adress) Setup | कोष तथा लेखा नियन्त्रक कार्यालय दमौली | २५८,३४४।- | २५८,३४४।- | सि.नं. ११० पूँजिगत सूधार तथा सार्बजनिक निर्माण |
| | Celiling cassette AC 2 Nos | | ३३९,०००।- | ३३९,०००।- | सि. नं. ८० नगरपालिका र मातहतका कार्यालयको लागि मेसिनरि खरिद औजार |